# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
# स्कूल अफ पब्लिक हेल्थ, लगनखेल, ललितपुर

## स्नातकोत्तर तह जन-स्वास्थ्य कार्यक्रममा भर्नाका लागि आवेदन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/४/२४)**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य लिएको छ । प्रतिष्ठानको पाटन अस्पतालले सर्वसुलभ रुपमा सबैजसो किसिमका उपचारात्मक सेवा प्रदान गर्दै आएकोमा प्राज्ञिक कृयाकलापहरुको विस्तार संगै स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट सो उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ ।

यस प्रतिष्ठानले स्वास्थ्य विज्ञान स्नातकोत्तर तह जन-स्वास्थ्य (Public Health) लगायतका कार्यक्रमा स्वास्थ्य शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै वैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक तथा समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त जनशक्ति उत्पादन गरी ती जनशक्तिहरुलाई नेपालको दुर्गम तथा ग्रामीण भेगमा बसोबस गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने लक्ष्य राखेको हुदा सो लक्ष्यको मर्मलाई आत्मसात् गर्ने र त्यसको प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

स्वास्थ्य विज्ञान स्नातकोत्तर तह जन-स्वास्थ्य (Public Health) कार्यक्रम अन्तर्गत चालू शैक्षिक सत्र २०७५/०७६ मा जम्मा १२ जना विद्यार्थी भर्ना हुनेछन् । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार कूल भर्ना सिटको १५% पूर्ण छात्रवृत्ति (निःशुल्क) र बाँकी ८५% पूर्ण शुल्क (सःशुल्क) अन्तर्गत छुट्याईएको छ । आवेदकले पूर्ण छात्रवृत्ति (निशुल्क) र पूर्णशुल्क (सःशुल्क) मध्ये कुनै एकमा मात्र दरखास्त दिन पाउनेछ । यसैगरी कुल भर्ना संख्याको १०% सिट आरक्षित गरिएको छ । आरक्षित समूहमा महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्र पर्दछ । यस बाहेकको बाँकी सिट खुल्ला तर्फबाट छनौट गरिनेछ । नेपाल सरकार मातहतका स्वास्थ्य संस्था वा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपत्यका बाहिरका स्वास्थ्य संस्था (Peripheral Teaching Site) मा सेवा गरेका आवेदकले काम गरेको जिल्लाको मानव विकास सूचाकाङ्का आधारमा ग्राह्यता/प्राथमिकता अङ्क पाउने छन् । योग्यताक्रम (Merit) को आधारमा छनौट प्रकृया अवलम्वन गरिनेछ । भर्ना सम्वन्धी शैक्षिक शुल्क (अन्य शुल्क सहित) प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

### १. आवश्यक न्यूनतम योग्यता

(क) आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

(ख) आवेदन दर्ता गर्ने अन्तिम दिनसम्म आवेदकको उमेर ५० बर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) स्वास्थ्य विज्ञानका विधामा कम्तीमा स्नातक तह हासिल गरी नेपाल सरकार वा कानूनद्धारा स्थापित सम्वन्धित स्वास्थ्य परिषद्मा दर्ता भएको हुनु पर्नेछ ।

(घ) मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) बर्षको कार्य अनुभव पूरा गरेको हुनु पर्नेछ । कार्य अनुभव गर्दा आवेदन दिने अन्तिम दिनलाई आधार मानिनेछ ।

(ङ) छात्रवृत्ति वा छात्रवृत्ति प्रायोजन प्राप्त गरी स्वास्थ्य विज्ञानमा स्नातक तह अध्ययन गरेका आवेदकको हकमा त्यस्ता आवेदकले छात्रवृत्तिमा वा छात्रवृत्ति प्रायोजनमा अध्ययन गर्नका लागि भएको सम्झौता मुताविकको अनिवार्य सेवा पूरा गरेको हुनु पर्नेछ ।

**२. आवेदन फाराम:** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाउँमा रहेको ललितपुर जिल्ला लगनखेलस्थित कृषि विकास बैङ्कको खाता नम्बर ०२११६००१८००९००१४ वा लक्ष्मी बैंक लिमिटेडको खाता नम्बर ००१८१०४००००४५५ मा जम्मा हुने गरी रू. ५००/ (अक्षरेपि पाँचसय रूपैयाँ मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७५ श्रावण ३१ गते बिहीवार देखि २०७५ भाद्र ३१ गते आईतवार (शनिवार र सार्वजनिक बिदा बाहेक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको लगनखेल स्थित कार्यालयबाट आवेदन फाराम र सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**३. प्रवेश परीक्षा दस्तुर :** आवेदन दर्ता गराउँन आउँदा बैङ्कको माथि उल्लेखित खाता नम्बरमा जम्मा हुने गरी रू. ४,५००/- (अक्षरेपि चार हजार पाँच सय रूपैयाँ मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टव्य : फाराम र प्रवेश परीक्षा दस्तुर वापत बुझाएको रकम फाराम रद्द भए पनि फिर्ता हुने छैन ।**

**४. आवेदन फाराम बुझाउने समयावधि :**

दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र शनिवार र सार्वजनिक बिदाका दिन बाहेक मिति २०७५ श्रावण ३१ गते बिहीवार देखि २०७५ भाद्र ३१ गते आईतबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७५ असोज १ गते सोमवारदेखि २ गते मंगलवारसम्म यस प्रतिष्ठानको कार्यालयमाआवेदन फाराम बुझाउन सकिनेछ ।

आवेदकले आवेदन दर्ता गराउँदा **प्रवेशपत्र वितरण सम्बन्धी जानकारी** प्राप्त गर्न सक्नेछन् ।

**५. प्रवेश परीक्षा मिति, केन्द्र र समय :**
प्रवेश परीक्षाको मिति , केन्द्र र समय : यस सम्वन्धी जानकारी मिति २०७५ असोज ११ र १२ गते प्रवेशपत्र वितरणको समयमा प्रतिष्ठानको कार्यालयवाट जानकारी गराइनेछ ।

**६. परीक्षाको किसिम**: लिखित प्रवेश परीक्षामा बहु-वैकल्पिक प्रश्न (Multiple Choice Question-MCQ) को प्रयोग हुनेछ । स्वास्थ्य विज्ञानका विविध विधाका स्नातक तहमा अध्यापन गरिने जन-स्वास्थ्यका विशेषतः निम्न विषयहरु समावेश छन्- Epidemiology; Bio-statistics; Research Methods; National Health Programs and Management, International/Global Health, Primary Health Care; Health Education and Promotion; Nutrition; Sociology and Anthropology; Environment Health; Occupation Health; Family Health; Demography आदि पर्दछ ।

**७. आवेदन फारामको साथमा सबै समूहका आवेदकले अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :**
७.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
७.२ मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य विज्ञानका विधामा स्नातक तह उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
७.३ सम्वन्धित स्वास्थ्य परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
७.४ मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) बर्ष काम गरेको अनुभवको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
७.५ हालसालै (तीन महिनाभित्र) चस्मा र टोपी नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो दुई (२) प्रति ।
७.६ रू. ४,५००/- (अक्षरेपि चार हजार पाँच सय रूपैयाँ मात्र) तिरेको सक्कल भौचर ।

**८. आरक्षण समूहका आवेदकले माथि उल्लेखित पेश गर्नुपर्ने कागजातहरुको अतिरिक्त देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ-**
**क. आरक्षित स्थानमा आवेदन गर्नको लागि :** सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा उत्तीर्ण गरेका गाउँपालिकामा स्थायी बसोबास गर्ने महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका आवेदकहरुको लागि आरक्षित गरिएको छ ।

आरक्षित समूहमा छुट्टयाईएको सिट संख्यामा सबै उप-समूहलाई समान हिसावले सिट वितरण गरिनेछ । यसरी आरक्षित समूहमा छुट्टयाईएको सिट संख्या समान वितरण गर्दा न्यूनतम सिट संख्या अपुग भएमा वा बराबरी वितरण गरेर बाँकी रहेको सिट संख्याको लागि सबै उप-समूहलाई एउटै समूह मानी आवेदकहरुमध्येबाट उनीहरुले प्रवेश परीक्षामा पाएका कुल अङ्कभारका आधारमा वरियतक्रममा छनौट गरिनेछ । यदि कुनै पनि उम्मेदवार आरक्षित कोटामा उत्तीर्ण हुन नसकेको खण्डमा सो स्थानमा योग्यताक्रमानुसार खुल्ला समूहको उम्मेदवारलाई भर्ना गरिनेछ । आरक्षित समूहका आवेदक खुल्लातर्फको सिटमा छनौटमा परेका भए आरक्षित सिटमा गणना गरिने छैन । यो समूहमा आवेदन गर्न चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछ-

क.१) आवेदक ग्रामीण क्षेत्र (गाउँपालिका) मा हालसम्म स्थायी बसोबास गरेका हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **६ महिना भित्र जारी गरिएको** स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगानामा निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

क.२) आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी **सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट** जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

क.३) **सामुदायिक विद्यालयबाट** ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

क.४) आवेदक **दलित** भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

क.५) आवेदक **आदिवासी/जनजाति** भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातका प्रमाणित छायाँप्रति ।

क.६) आवेदक **मधेसी** भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**ख. पूर्ण छात्रवृत्ति स्थानमा आवेदन गर्नको लागि :** पूर्ण छात्रवृत्ति अन्तर्गत कुल सिट संख्याको पन्ध्र (१५%) प्रतिशत बिद्यार्थीहरु छनौट हुनेछन् । पूर्ण छात्रवृत्तिमा आवेदनका लागि आवेदन दिने आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

ख.१) आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको माध्यमिक शिक्षा (SLC/SEE) परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी **सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट** जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको **शिक्षा विकास तथा समन्वय इकाईबाट** जारी कागजातको प्रमाणित छायाँप्रति ।

ख.२) **सामुदायिक विद्यालयबाट** ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

ख.३) आवेदक **विपन्न** हो भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट जारी कागजातको प्रमाणित छाँयाप्रति ।

पूर्ण छात्रवृत्ति अन्तर्गत प्रतिष्ठान ऐनमा व्यवस्था भए अनुसार पन्ध्र प्रतिशत (१५%) लाई शतप्रतिशत मानी सो को पैतालिस प्रतिशत (४५%) स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका आवेदकहरुमध्येबाट छनौट गरिनेछ । पूर्ण छात्रवृत्ति अन्तर्गत आरक्षण समूहमा आवेदन दिने आवेदकले माथि उल्लेखित प्रमाणहरु (ख.१, ख.२, ख.३) का अतिरिक्त निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ख.४) आवेदक **दलित** भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ख.५) आवेदक **आदिवासी/जनजाति** भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

ख.६) आवेदक **मधेसी** भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**१०. अन्य जानकारी :**

क) म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता हुने छैन । दर्ता पश्चात् संकलित फाराम रुजु गर्दा कथम्दाचित रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फाराम रद्द गर्नेछ ।

ख) यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्ठो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गरी प्रचलित कानून बमोजिम कारवाहीका लागि पठाउनेछ ।

ग) यस कार्यक्रम अन्तर्गत अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउने छन् ।

**द्रष्टव्यः**

क) आवेदन फाराम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल आवेदक स्वयंले अनिवार्य रुपले साथमा ल्याउनु पर्नेछ ।

ख) पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उप दफा (३) संग सम्बन्धित अनुसूची-१ ।

ग) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

घ) मानव विकास सूचकाङ्क भन्नाले नेपाल मानव विकास विवरण २०१४ नेपाल सरकार राष्ट्रिय योजना आयोग अनुसूची-४, तालिका (क) ४.१ ।